कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ताका लागि

न्युनतम ५० कित्ता र सो भन्दा बढी १० अंकले भाग जाने संख्यामा अधिकतम ५०० कित्ता

कम्पनीको संस्थापक शेयरमा लगानी गर्ने नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लिमिटेड र रसुवा जिल्लाका सम्बन्धित स्थानिय तहका कर्मचारीहरु

न्युनतम ५० कित्ता र सो भन्दा बढी १० अंकले भाग जाने संख्यामा अधिकतम ५०० कित्ता

कर्मचारी संचय कोषका कर्मचारी

न्युनतम ५० कित्ता र सो भन्दा बढी १० अंकले भाग जाने संख्यामा अधिकतम २,५०० कित्ता

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने रु.१००/- प्रति शेयरको दरले

यस विवरणपत्र मार्फत बिक्री वितरण गरिने शेयरहरु बाँडफाँड भएको मितिले तीन बर्ष पूरा नभएसम्म बिक्री वितरण गर्न पाइने छैन ।

रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड
Rasuwagadhi Hydropower Company Limited

महाराजगंज, काठमाण्डौ, नेपाल
फोन न. ०१–४३७१७४४, ४३७१७९४, फ्याक्स नं. ०१–४३७१७२५
इमेलः rghpcl@gmail.com, वेभसाइटः www.chilime.com.np/rasuwagadhi
को

आह्वान–पत्र

यो विवरण-पत्र नभई केवल आह्वान-पत्र मात्र हो ।

धितोपत्र निष्काशन खुल्ला हुने मिति

पहिलो चरणः

कर्मचारी संचयकोषका संचयकर्ताका लागि **मिति २०७४/११/११ देखि २०७४/११/३० सम्म**

दोश्रो चरणः

कम्पनीको संस्थापक शेयरमा लगानी गर्ने नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लिमिटेड र रसुवा जिल्लाका सम्बन्धित स्थानिय तहका कर्मचारीहरू तथा ऋणदाता संस्था (कर्मचारी संचयकोष) का कर्मचारीका लागि
मिति २०७४/१२/०५ देखि २०७४/१२/१३ सम्म

रु.१००/- अंकित दरको १,६४,२१,०४० कित्ता साधारण शेयरहरु (जसमध्ये कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीका लागि १,३३,४२,०९५ कित्ता, संस्थापक संगठित संस्थाका कर्मचारीका लागि २३,९४,७३५ कित्ता र ऋणदाता संस्थाका कर्मचारीका लागि ६,८४,२१० कित्ता निष्काशन गरिएको ।

नेपाल धितोपत्र बोर्डबाट विवरण-पत्र स्वीकृत भएको मिति २०७४/०९/२० तथा कम्पनी रजिष्ट्रारको कार्यालयमा विवरण-पत्र दर्ता भएको मिति २०७४/१०/१८ ।

१. कम्पनीको नाम : रसुवागढी हाइड्रोपावर कम्पनी लि. (RASUWAGADHI HYDROPOWER COMPANY LIMITED) ।

२. कुन ऐन अन्तर्गत स्थापित भएको सो कुरा : कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित ।

३. कम्पनीको रजिष्टर्ड ठेगाना : यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा. वडा नं.४, महाराजगंज, काठमाडौंमा रहेकोछ ।

४. कारोवार गर्ने मुख्य स्थान :

यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड कार्यालय का.म.न.पा. वडा नं.४, महाराजगंज, काठमाडौं र कम्पनी अन्तर्गत निर्माणाधीन रसुवागढी जलविद्युत आयोजना रसुवा जिल्लाको हालको गोसाइकुण्ड गाउँपालिकाको थुमन र टिमुरे क्षेत्रमा पर्दछ ।

५. कम्पनीको स्थापना कालदेखि हालसम्मको संक्षिप्त इतिहास र संस्थाको मुख्य उद्देश्यहरु देहाय बमोजिम रहेको छ :

कम्पनीको स्थापनाकालदेखि हालसम्मको संक्षिप्त इतिहास देहाय बमोजिम रहेको छ :

(१) नेपालमा रहेको अपार जलश्रोतको उपयोग गरी जलविद्युत आयोजनाहरुको पहिचान गरी सम्भाव्यता अध्ययन, निर्माण र संचालन गर्ने हेतुले चिलिमे जलविद्युत कम्पनी लिमिटेड तथा नेपाल विद्युत प्राधिकरणको संस्थापकत्वमा मिति २०६८/०४/१७ गते यस रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड कम्पनी रजिष्ट्रारको कार्यालयमा पब्लिक लिमिटेड कम्पनीको रुपमा दर्ता भई कारोबार संचालन गर्दै आएको कम्पनी हो ।

(२) कम्पनीमा हाल चिलिमे जलविद्युत कम्पनी लिमिटेड र नेपाल विद्युत प्राधिकरण सहित रसुवा जिल्लाका साविकको जि.वि.स. तथा सम्वन्धित गा.वि.स. हरु संस्थापक शेयरधनी रहेका छन् । कम्पनीको प्रवन्धपत्र तथा नियमावली अनुसार जारी पूँजीको ५१ प्रतिशत संस्थापक शेयर, १९.५ प्रतिशत कर्मचारी सञ्चय कोषमा रकम जम्मा गर्ने सञ्चयकर्ता, ३.५ प्रतिशत संस्थापक संगठित संस्थाका कर्मचारी, १ प्रतिशत ऋणदाता संस्थाका कर्मचारी, १० प्रतिशत आयोजना प्रभावित क्षेत्र रसुवा जिल्लाका वासिन्दा र १५ प्रतिशत सर्वसाधारण (कम्पनीका कर्मचारीहरु समेत) शेयरधनीहरुको लागि छुट्याई बांडफांड गर्ने व्यवस्था रहेको छ ।

(३) संगठित संस्थाले २०६८ कात्तिक २८ गते नेपाल विद्युत प्राधिकरणसँग विद्युत खरिद बिक्री सम्झौता गरेको छ । त्यस्तै निर्माण कार्य पुर्वका मुख्य कार्य प्राप्तिहरु : (१) आयोजना सर्भेक्षण अनुमति प्राप्त मितिः २०६५/०३/३१, (२) विद्युत प्रसारण लाईन सर्भेक्षण अनुमतिपत्र प्राप्त मिति २०६७/०२/२७, (३) ऋण सम्झौता (कर्मचारी संचयकोष तथा चिलिमे जलविद्युत कम्पनी र संगठित संस्था विच भएको सम्झौता) मिति २०६८/०८/२२, (४) वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन स्वीकृत मितिः २०६८/११/२८, (५) विद्युत उत्पादन अनुमति पत्र प्राप्त मिति २०६९/०८/२१, (६) विद्युत खरिद बिक्री सम्झौता मिति २०६८।०७।२८ र (७) विद्युत उत्पादन अनुमति बहाल रहने अवधि २१०४/०८/२० सम्म रहेको छ ।

(४) १११ मेगावाट क्षमताको रसुवागढी जलविद्युत आयोजनाको निर्माण कार्य भैरहेको र रसुवा जिल्लामा पर्ने भोटेकोशी नदी विद्युत उत्पादनको लागि आवश्यक प्रमुख जलस्रोतको रुपमा रहेको छ ।

(५) आयोजनाको संक्षिप्त प्राविधिक विवरणहरु निम्नानुसार रहेको छः

आयोजना स्थल	: साविकको थुमन तथा टिमुरे गा.वि.स. (हालको गोसाइकुण्ड गाउँपालिका), रसुवा जिल्ला, वागमती अञ्चल
श्रोत नदी	: भोटेकोशी नदी, रसुवा
आयोजनाको किसिम	: रन अफ रिभर
डिजाइन डिस्चार्ज	: ८० घन मिटर. प्रति सेकेण्ड
उत्पादन हुने इनर्जी	: ६१३.८७ गेगावाट आवर (वार्षिक)
आयोजनाको उत्पादन क्षमता	: १११ मेगावाट
ग्रस हेड	: १६७.९० मिटर
डाइभर्सन बाँध	: लम्बाई ६१.५ मिटर, उचाई ८.५ मिटर
भुमिगत डिस्यान्डीङ्ग वेसिन	: ३* लम्बाई १२५ * चौडाई १५ * उचाई १८.८ मिटर
हेडरेस सुरुङ्ग	: लम्बाई ४२०३ मिटर व्यास ७ मिटर
भुमिगत पेनस्टक	: लम्बाई ३१३ मिटर, व्यास ४.८ मिटर-२.५ मीटर
भूमिगत पावरहाउस	: लम्बाई ७६ मिटर, चौडाई १५ मिटर, उचाई ३५.५० मिटर
टर्वाइन	: फ्रान्सिस, ३ * ३७ मेगावाट
जेनेरेटर	: ३ * ४३.७५ MVA
उत्पादन शुरु हुने मिति	: २०७६/०९/१५
आयोजनाको हालको अनुमानित लागत	: १४ अर्व ९३ करोड २० लाख ९० हजार (IDC वाहेक)

कम्पनीको प्रति मेगावाट लागत रकम निर्माण अवधिको ब्याज समेत रु.१५,०६,१४,६९५ रहेको छ भने लगानीको Simple Payback Period ७.९४ बर्ष र Discounted Payback Period १२.६४ बर्ष रहेको छ ।

संगठित संस्था र नेपाल विद्युत प्राधिकरणका बीच सम्पन्न विद्युत खरिद–बिक्री सम्झौताको मुख्य बुँदाः

कम्पनीबाट निर्माणाधीन आयोजनाबाट उत्पादन हुने विद्युत खरीद बिक्रीका लागि नेपाल विद्युत प्राधिकरणसँग मिति २०६८।०७।२८ मा सम्झौता भएको छ । उक्त सम्झौता बमोजिम नेपाल विद्युत प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले आयोजनाबाट विद्युत शक्ति उत्पादन गरी उपलब्ध गराएको कन्ट्र्याक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरिद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४।८० (चार रुपैया असी पैसा मात्र) र सुख्खा याममा प्रति कि.वा. घण्टा रु.८।४० (आठ रुपैया चालिस पैसा) विद्युत खरिद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउनेछ । साथै व्यापारिक उत्पादन शुरु हुने मितिबाट एक वर्ष पुगेको महिनाको लगत्तै पछिको महिना देखि लागु हुने गरि वर्षको ३ (तीन) प्रतिशतका दरले ८ (आठ) पटकसम्म मूल्यबृद्धि हुने प्रावधान उल्लेख गरिएको छ ।

कम्पनीको मुख्य उद्देश्यहरू देहाय बमोजिम रहेका छन् ।

(क) प्रचलित कानून बमोजिम अनुमतिपत्र प्राप्त गरी रसुवा जिल्लाको भोटेकोशी खोलामा उपलब्ध जलश्रोत उपयोग गरी रसुवागढी जलविद्युत आयोजना निर्माण, संचालन र व्यवस्थापन गर्ने र उक्त आयोजनाबाट उत्पादित विद्युत बिक्री गर्ने ।

(ख) सम्भाव्य जलविद्युत आयोजनाको पहिचान गरी अनुमतिपत्र प्राप्त गरी सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्ने र ती आयोजनाहरुबाट उत्पादिन विद्युत शक्ति बिक्री गर्ने ।

ग) विभिन्न जलविद्युत आयोजनाहरुको सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापन गर्न अन्य कम्पनीसँग मिली लगानी गर्ने वा नयाँ कम्पनी स्थापना गरी सो कार्य गर्ने ।

(घ) उत्पादित विद्युत शक्ति बिक्री वितरणका निमित्त आवश्यकता अनुसार सवस्टेशन तथा प्रशारण लाईनहरु निर्माण गर्ने र राष्ट्रिय प्रसारण प्रणालीसँग जोडी बिक्री वितरण गर्न आवश्यक व्यवस्था गर्ने ।

(ङ) उत्पादित जलविद्युत शक्ति नेपाल सरकार वा कुनै संगठित संस्थालाई एक मुष्ट बिक्री गर्ने वा प्रचलित कानूनको अधिनमा रही आफ्नै प्रशारण लाइन विकास गरी वा अन्य निकायको प्रशारण लाइन प्रयोग गरी उपभोक्ताहरुलाई बिक्री विरतण गर्ने ।

(च) उत्पादित विद्युत नेपाल सरकार वा अन्य कुनै संगठित संस्थालाई एकमुष्ठ बिक्री गर्ने सम्बन्धमा सम्झौता गर्ने ।

(छ) प्रचलित कानून बमोजिम स्वीकृति लिई उत्पादित जलविद्युत विदेशमा निर्यात गर्ने ।

(ज) कम्पनीको उद्देश्य प्राप्तिको लागि सहायक कम्पनी संचालन गरी लगानी गर्ने, संगठित संस्थाहरुको शेयर पूँजीमा लगानी गर्ने तथा संगठित संस्था वा उद्योगहरुको प्रबर्धन र विकास गर्ने ।

(झ) जलविद्युत आयोजनाको पहिचान, सर्वेक्षण, निर्माण, संचालन र व्यवस्थापनसँग सम्बन्धित र सहायक हुने अन्य आवश्यक काम गर्ने, गराउने ।

संगठित संस्थाको कुनै सहायक कम्पनी भएमा सो सहायक कम्पनीको नाम, इतिहास र त्यसका मुख्य उद्देश्यहरुका साथै त्यसमा भएको लगानीको अंश (प्रतिशतमा) : सो नभएको ।

देहायका कुराहरु समेत उल्लेख गर्नु पर्ने (लागु हुने हदसम्म) :

(१) ***संगठित संस्थाले उत्पादन गर्ने वस्तु वा प्रदान गर्ने सेवाहरु :*** जलविद्युत आयोजनाको निर्माण, संचालन र व्यवस्थापन गर्ने ।

(२) ***प्रयोग भएको वा गरिने प्रविधि :*** रसुवा जिल्लामा रहेको भोटेकोशी नदीको पानी उपयोग गरी जलविद्युत उर्जा उत्पादन गर्न हेडवक्समा डाइभर्सन बाँध, भुमिगत डिस्यान्डिङ बेसिन, हेडरेस सुरुङ, सर्ज टैंक, पेनस्टक, भुमिगत विद्युतगृह आदी संरचना रहेका छन । आयोजनाबाट १११ मे.वा. विद्युत उत्पादन गर्न भुमिगत विद्युतगृहमा ३७ मे.वा. का ३ वटा फ्रान्सिस टर्वाइन र ४३.७५ एम.भी.ए का ३ वटा जेनेरेटर जस्ता उपकरणहरुको प्रयोग गरिएको छ ।

(३) ***कुनै ब्राण्डनेम, प्रतिलिपि अधिकार, ट्रेडमार्क, इजाजतपत्र, प्राविधिक सहयोग सम्झौता र संगठित संस्थासँग सम्बन्धित बौद्धिक सम्पत्ति हक अधिकारः*** सो नभएको ।

(४) ***संगठित संस्थाले ओगटेको बजार क्षेत्र :*** कम्पनीले नेपालको वागमती अञ्चलको रसुवा जिल्लामा बहने भोटेकोशी नदीको पानी उपयोग गरी उत्पादन गर्ने विद्युतको हालको बजार क्षेत्र नेपाल विद्युत प्राधिकरणसंग भएको सम्झौता बमोजिम नेपालभर रहेको छ । भविष्यमा अन्य आयोजना निर्माण गरेको अवस्था तथा नेपालबाट विद्युत निर्यात हुने अवस्थामा राष्ट्रिय विद्युत प्रसारण लाईन मार्फत अन्य मुलुकमा समेत बजार विस्तार गर्न सकिनेछ ।

(५) ***नयाँ उत्पादन तथा सेवा सम्बन्धी योजना :*** कम्पनीले एकल रुपमा तथा आफ्नो उदेश्यसंग मेल खाने देश भित्र तथा बाहिरका विभिन्न कम्पनीहरूसँगको संयुक्त लगानीमा आफ्नो उद्देश्य प्राप्तिका लागि व्यवसायीक रुपमा सम्भाव्य देखिएका नयाँ जलविद्युत आयोजनाहरुको अध्ययन तथा निर्माण गरी नेपालको जलविद्युत क्षेत्रमा एक अग्रणी कम्पनीको रुपमा स्थापित हुने लक्ष्य लिएको छ ।

(६) ***उत्पादन तथा सेवाको प्रमुख बजार र त्यसको माग र बिक्री वितरणको तरिका :*** कम्पनीले उत्पादन गर्ने विद्युत नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता अनुसार राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत वितरण गर्ने व्यवस्था मिलाईएको छ ।

(७) ***उत्पादन/संचालन क्षमता र सो को उपभोग स्थिति :*** कम्पनीबाट निर्माणाधिन रसुवागढी जलविद्युत आयोजनाको उत्पादन क्षमता १११ मेगावाट रहेको र उत्पादन हुने सवै विद्युत नेपाल विद्युत प्राधिकरणलाई राष्ट्रिय विद्युत प्रसारण लाइन मार्फत बिक्री वितरण गरिनेछ । आयोजनाको निर्माण सम्पन्न हुने मिति २०७६/९/१५ रहेको छ ।

(८) ***कच्चा पदार्थको श्रोत, किसिम र उपलब्धता :*** वागमती अञ्चलको रसुवा जिल्लाको थुमन र टिमुरे गाउको सिमाना भएर बहने भोटेकोशी नदीको पानी ।

(९) ***गुण नियन्त्रणको लागि गरिएको व्यवस्था :*** आयोजनाको निर्माण अवधीमा गर्नुपर्ने गुण नियन्त्रणका लागि विदेशी परामर्शदाता नियुक्त गरी निजमार्फत सम्पूर्ण निर्माण कार्यको अनुगमन तथा नियन्त्रण भइरहेको छ ।

(१०) ***अनुसन्धान तथा विकास :*** कम्पनीको स्थापना भए पश्चात् आफ्नो उद्देश्य अनुसार १११ मेगावाट क्षमताको रसुवागढि जलविद्युत आयोजनाको अध्ययन /अनुसन्धान पुरा गरी हाल सो आयोजनाको विकास/निर्माण भैरहेको छ ।

(११) ***विगत १२ महिनाको अवधिमा संस्थाको संचालनमा असर पर्ने गरी भएको वाधा, व्यवधान :*** मिति २०७२/१/१२ मा नेपालमा गएको महाभुकम्पको कारण रोकिएको आयोजना निर्माण कार्य पुन सुचारु भएको र विगत १२ महिनाको अवधिमा कम्पनीको संचालनमा असर पर्ने गरी कुनै वाधा व्यवधान नरहेको ।

(१२) ***मजदुर संगठनसँगको सम्बन्ध र विगतमा कुनै औद्योगिक विवाद भएको भए, सो सम्बन्धी विवरण :*** सो नभएको ।

(१३) ***बजार, प्रतिस्पर्धा र अन्य समान उद्योगहरु बीच संगठित संस्थाको स्थिति :*** कम्पनीद्वारा निर्माणाधिन आयोजनाबाट विद्युत उत्पादन भए पश्चात् एकमात्र खरीदकर्ता नेपाल विद्युत प्राधिकरण रहने गरी विद्युत खरीद विक्री सम्झौता भएको ।

(१४) ***प्रमुख ग्राहकहरुको विवरण (जस्तै – संस्थाको कूल वार्षिक कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख ग्राहकसँग निर्भर छ भने तत्सम्बन्धी विवरण :*** कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच विद्युत खरिद बिक्री सम्झौता भएकोले प्रमुख ग्राहकको रुपमा नेपाल विद्युत प्राधिकरण रहेको छ ।

(१५) ***प्रमुख सप्लायर्सहरुको विवरण (जस्तै-संस्थाको कूल कारोबारमा १०% वा सो भन्दा बढीले योगदान गर्ने सप्लायर्स वा व्यवसायको लागि संगठित संस्था कुनै प्रमुख सप्लायर्ससँग निर्भर छ भने तत्सम्बन्धी विवरण) :***

आयोजना हाल निर्माणाधिन अवस्थामा रहेको र निर्माण सम्पन्न गर्नका लागि निम्न बमोजिम ठेक्का सम्झौता भईसकेको ।

क) आयोजनाको परामर्श सेवा कार्यका लागि परामर्शदाता M/S SMEC International Pvt. Ltd., Australia सँग मिति २०६९/०८/१८ मा ठेक्का सम्झौता भई कार्य सम्पादन गर्दै आईरहेको ।

ख) आयोजनाको लट १ः सिभिल तथा हाइड्रोमेकानिकल कार्यका लागि ठेकेदार M/S China International Water and Electric Corporation (CWE), China सँग मिति २०७०/०९/२१ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

ग) आयोजनाको लट २ः इलेक्ट्रोमेकानिकल कार्यका ठेकेदार M/S VOITH Hydro Pvt. Ltd., India सँग मितिः २०७१/०४/१५ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य भईरहेको ।

घ) आयोजनाको लट ३ः ट्रान्समिसन लाईन निर्माण कार्यका ठेकेदार M/S Mudbhary and Joshi Construction Pvt. Ltd. संग मिति २०७४/०३/०१ मा ठेक्का सम्झौता भई हाल निर्माण कार्य शुरु भएको ।

६. धितोपत्र जारी गर्नुको उद्देश्य :

कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा भएको व्यवस्था अनुसार कम्पनीले आफ्नो जारी पूँजी रु.६,८४,२१,००,०००/- (अक्षेरुपी छ अर्व चौरासी करोड एक्काइस लाख मात्र) को प्रथम चरणमा २४% अर्थात रु.१,६४,२१,०४,०००/- (अक्षेरुपी एक अर्व चौसठ्ठी करोड एक्काइस लाख चार हजार) रकम बराबरको रु.१००/- अंकित दरको १,६४,२१,०४० कित्ता शेयर कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारी, संस्थापक संगठित संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीका निमित्त धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अधिनमा रही शेयर निष्काशन गरी उक्त रकम कम्पनीको पूर्वाधार निर्माणमा खर्च गर्ने मुख्य उद्देश्य रहेको छ ।

यसरी प्रथम चरणमा जारी गर्न लागिएको कुल रकम मध्ये जारी पूँजीको १९.५% अर्थात रु.१,३३,४२,०९,५००/- (अक्षेरुपी एक अर्व तेत्तिस करोड वयालीस लाख नौ हजार पाँचसय मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १,३३,४२,०९५ (एक करोड तेत्तिस लाख बयालीस हजार पन्चानब्बे) कित्ता साधारण शेयर कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीका लागि, ३.५% अर्थात रु.२३,९४,७३,५००/-(अक्षेरुपी तेइस करोड चौरानब्बे लाख त्रिहत्तर हजार पाँचसय मात्र) रकम बराबरको रु.१००/- अंकित दरको २३,९४,७३५ (तेइस लाख चौरानब्बे हजार सातसय पैतिस) कित्ता साधारण शेयर संस्थापक संगठित संस्थाका कर्मचारीका लागि र १% अर्थात रु.६,८४,२१,०००/- (अक्षेरुपी रु छ करोड चौरासी लाख एक्काइस हजार) रकम बराबरको रु.१००/- अंकित दरको ६,८४,२१० (छ लाख चौरासी हजार दुई सय दश) कित्ता साधारण शेयर ऋणदाता संस्थाका कर्मचारीका लागि छुट्याईएको छ ।

७. धितोपत्र निष्काशनबाट प्राप्त पूँजीको उपयोग :

(क) निष्काशनबाट प्राप्त हुने कूल रकमलाई कसरी र कुन क्षेत्रमा प्रयोग गरिनेछ तत् सम्बन्धी विवरण :

कम्पनीले आफ्नो जारी पूँजी रु.६,८४,२१,००,०००/-(अक्षेरुपी छ अर्व चौरासी करोड एक्काइस लाख मात्र) को प्रथम चरणमा २४५ अर्थात रु.१,६४,२१,०४,०००/- (अक्षेरुपी एक अर्व चौसठ्ठी करोड एक्काइस लाख चार हजार रुपैयाँ मात्र) रकम बराबरको रु.१००/- अंकित दरको १,६४,२१,०४० कित्ता शेयर कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारी, संस्थापक संगठित संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीका निमित्त शेयर निष्काशन गरि प्राप्त रकम आयोजनाको लट १-सिभिल तथा हाइड्रोमेकानीकल कार्य, लट २-इलेक्ट्रोमेकालिकल कार्य तथा लट ३-१० कि.मि. लामो १३२ केभि ट्रान्समीसन लाइनको निर्माण कार्यमा खर्च गरिनेछ ।

(ख) सार्वजनिक निष्काशन गरिने धितोपत्र पूर्ण रुपमा बिक्री नभएमा सार्वजनिक निष्काशनको उद्देश्य प्राप्ती गर्नको लागि अपनाइने बैकल्पिक व्यवस्थाः

निष्काशन गरिने शेयर पूर्णरुपमा बिक्री नभएमा बाँकी शेयर सर्वसाधारणहरुको लागि निष्काशन गरिने शेयरमा थप गरि निष्काशन गरिनेछ र यसरी निष्काशन गर्दा प्रत्याभूति गर्ने व्यवस्था समेत गरिने छ ।

(ग) आयोजनाको संचालन स्थान, आयोजना चरणबद्ध रुपका कार्यान्वयन गरिने भए प्रत्येक चरणमा लाग्ने खर्च, कुनै चरण समाप्त भैसकेको भए सो सम्बन्धी विवरणः

यस कम्पनीद्धारा निर्माणाधीन रसुवागढी जलविद्युत आयोजना बागमती अञ्चलको रसुवा जिल्लामा रहेको छ । यो जलविद्युत आयोजनाको निर्माण कार्यका लागि परामर्श सेवा कार्य, लट नं. १ सिभिल तथा हाइड्रोमेकानीकल कार्य, लट नं. २ इलेक्ट्रोमेकालिकल निर्माण कार्य, र लट नं. ३ Transmission Line निर्माण कार्यका लागि परामर्शदाता तथा ठेकेदारहरुको छनौट भई हाल सम्झौता बमोजिमको कार्यहरु गरिरहेका छन् । नेपाल विद्युत प्राधिकरणसँग भएको विद्युत खरिद बिक्री सम्झौता बमोजिम आयोजनाबाट उत्पादन हुने विद्युत शक्ति राष्ट्रिय विद्युत प्रशारण लाइनमा जोड्नको लागि आयोजना स्थल देखि चिलिमे हव सव स्टेसनसम्मको Transmission Line यस कम्पनीबाट र चिलिमे हब सव स्टेसन देखि त्रिशुली 3B हवसम्मको करिव २८ कि.मी. लामो Transmission Line नेपाल विद्युत प्राधिकरणले निर्माण गर्ने कार्य अगाडी बढाएको छ ।

८. कम्पनीको पूँजी संरचना सम्बन्धी विवरण :

अधिकृत पूँजी : कम्पनीको अधिकृत पूँजी रु.७,००,००,००,०००/- (अक्षेरुपी सात अर्व रुपैंया) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ७,००,००,००० (सात करोड) थान शेयरमा बिभाजन गरिएको छ ।

जारी पूँजी : कम्पनीको जारी पूँजी रु.६,८४,२१,००,०००/- (अक्षेरुपी छ अर्व चौरासी करोड एक्काइस लाख रुपैया) रहेको छ । उक्त पूँजीलाई रु.१००/- का दरले ६,८४,२१,००० (छ करोड चौरासी लाख एक्काइस हजार) थान शेयरमा बिभाजन गरिएको छ ।

चुक्ता पूँजी : कम्पनीले आफ्नो जारी पूँजी मध्ये रु.३,४८,९४,७१,०००/- (अक्षेरुपी तीन अर्व अड्चालिस करोड चौरानब्बे लाख एकहत्तर हजार मात्र) संस्थापक शेयरधनीहरुबाट चुक्ता भईसकेको तथा बाँकी रु.३,३५,२६,२९,०००/- (अक्षेरुपी तीन अर्व पैतिस करोड छब्बिस लाख उनन्तीस हजार मात्र) सार्वजनिक शेयर निष्काशनद्वारा सर्वसाधारणलाई शेयर जारी गर्नेछ । कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारीहरु, संस्थापक संगठित संस्थाका कर्मचारीहरु र ऋणदाता संस्थाका कर्मचारीहरुका निमित्त छुट्टाइएको रु.१,६४,२१,०४,०००/- (अक्षेरुपी एक अर्व चौसट्ठी करोड एक्काइस लाख चार हजार) रकम बराबरको रु.१००/ (अंकित दरको १,६४,२१,०४० कित्ता साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात् कम्पनीको चुक्ता पूँजी रु.५,१३,१५,७५,०००/- (अक्षेरुपी पाँच अर्व तेह्र करोड पन्ध्र लाख पचहत्तर हजार मात्र) हुनेछ ।

९. निष्कासन पछिको चुक्ता पूँजी (समूहकृत गरिएको अवस्थामा सोही अनुरुप):

शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको पूँजी संरचना :

समूह	शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
१.	संस्थापक शेयरधनी समूह	३,४८,९४,७१०	३,४८,९४,७१,०००.००	५१%	शतप्रतिशत
२.	सर्वसाधारण शेयरधनी समूह				
	-कर्मचारी सञ्चयकोषमा रकम संचित गर्ने सञ्चयकर्ता कर्मचारी, ऋणदाता संस्थाका कर्मचारी र संस्थापक संगठित संस्थाका कर्मचारीहरु	१,६४,२१,०४०	१,६४,२१,०४,०००.००	२४%	शतप्रतिशत
	जम्मा	५,१३,१५,७५०	५,१३,१५,७५,०००.००	७५%	

१०. आधारभूत/संस्थापक/सञ्चालक सम्बन्धी विवरण :

आधारभूत शेयरधनीको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	शेयर स्वामित्व	अनुभव (पूर्व र हाल कार्यरत)
१.	चिलिमे जलविद्युत कम्पनी लि., धुम्बाराही, काठमाण्डौ ।	संस्थापक शेयरधनी	२,२४,३७,३१०	जलविद्युत विकास तथा उत्पादनमा लामो अनुभव रहेको ।
२.	नेपाल विद्युत प्राधिकरण, रत्नपार्क, काठमाण्डौ ।	संस्थापक शेयरधनी	१,२३,१५,७८०	जलविद्युत विकास, उत्पादन, प्रशारण तथा वितरणमा लामो अनुभव रहेको ।
३.	रसुवा जिल्लाका स्थानीय तह ।	संस्थापक शेयरधनी	१,४१,६२०	

संचालकहरुको विवरण

क्र.सं.	नाम र ठेगाना	पद	उमेर	राष्ट्रियता	शेयर स्वामित्व	शैक्षिक योग्यता	अनुभव (पूर्व र हाल कार्यरत)
१.	श्री जगदिश्वर मान सिंह का.म.न.पा.वडा नं. ११, त्रिपुरेश्वर, काठमाण्डौं (प्रतिनिधी-नेपाल विद्युत प्राधिकरण)	अध्यक्ष	५५	नेपाली	संस्थागत प्रतिनिधि भएकाले व्यक्तिगत शेयर स्वामित्व नभएको	स्नातकोत्तर (हाइड्रोपावर म्यानेजमेण्ट)	नेपाल विद्युत प्राधिकरणमा रहि जलविद्युत विकासको क्षेत्रमा ३० वर्षको कार्य अनुभव ।
२.	श्री राम प्रसाद रिमाल टोखा न.पा.वडा नं. १५, गोंगबु, काठमाण्डौ (प्रतिनिधी-चिलिमे जलविद्युत कम्पनी लि.)	संचालक	५०	नेपाली	" "	स्नातक (अर्थशास्त्र)	नेपाल विद्युत प्राधिकरणमा रहि जलविद्युत विकासको क्षेत्रमा २९ वर्ष कार्यको अनुभव ।
३.	श्री प्रवल अधिकारी बुढानिलकण्ठ न.पा. वडा नं. ११, मण्डिखाटार, काठमाण्डौ (प्रतिनिधी-नेपाल विद्युत प्राधिकरण)	संचालक	५१	नेपाली	" "	स्नातकोत्तर (पावर सिस्टम इञ्जिनियरिङ)	नेपाल विद्युत प्राधिकरणमा रहि जलविद्युत विकासको क्षेत्रमा २० वर्ष कार्य अनुभव
४.	श्री भिम प्रसाद तिमल्सिना कागेश्वरी मनोहरा वडा नं. १२, विरेन्द्रचोक, काठमाण्डौ (प्रतिनिधी-चिलिमे जलविद्युत कम्पनी लि.)	संचालक	३८	नेपाली	" "	स्नातक (व्यवस्थापन)	बैंक/वित्तीय संस्था तथा पूँजी बजारमा १२ वर्षको कार्य अनुभव ।
५.	श्री दामोदर भक्त श्रेष्ठ का.म.न.पा. वडा नं.१५, सानो भर्‍याङ्ग, काठमाण्डौ (प्रतिनिधी- चिलिमे जलविद्युत कम्पनी लि.)	संचालक	५६	नेपाली	" "	स्नातकोत्तर (वाटर रिसोर्स इञ्जिनियरिङ)	नेपाल विद्युत प्राधिकरणमा रहि जलविद्युत विकासको क्षेत्रमा ३१ वर्ष कार्य अनुभव ।
६.	श्री विष्णु प्रसाद पौडेल नागार्जुन न.पा. वडा नं. १०, शिवडोल, काठमाण्डौ (प्रतिनिधी-कर्मचारी संचयकोष)	संचालक	५५	नेपाली	" "	स्नातक (लेखा)	कर्मचारी संचयकोषमा रहि लेखा प्रशाशन क्षेत्रमा २९ वर्षको कार्य अनुभव ।

११. उच्च व्यवस्थापकीय तहका अधिकृत कर्मचारीहरु सम्बन्धी विवरण :

क्र.सं.	कर्मचारीको नाम	पद	योग्यता	कार्यानुभव
१.	श्री माधव प्रसाद कोइराला	कार्यकारी प्रमुख	स्नातकोत्तर (वाटर रिसोर्स इन्जिनियरिङ्ग)	नेपाल विद्युत प्राधिकरणमा रहि जलविद्युत विकासको क्षेत्रमा २६ वर्षको कार्य अनुभव ।
२.	श्री छविलाल गैह्रे	आयोजना प्रमुख	स्नातकोत्तर (वाटर रिसोर्स इन्जिनियरिङ्ग)	नेपाल विद्युत प्राधिकरणमा रहि जलविद्युत विकासको क्षेत्रमा १६ वर्षको कार्य अनुभव ।
३.	श्री धर्मराज शर्मा	वित्त महाशाखा प्रमुख	चार्टर्ड एकाउण्टेण्ट	वित्त, लेखा र कर सम्बन्धि कार्यमा १२ वर्षको कार्यानुभव ।
४.	श्री नरनाथ न्यौपाने	कम्पनी सचिव/खरिद तथा जिन्सी व्यवस्थापन महाशाखा प्रमुख	स्नातकोत्तर (वित्तीय व्यवस्थापन)	वित्तीय व्यवस्थापन, प्रशासन तथा अन्य क्षेत्रमा १४ वर्षको कार्यानुभव ।

१२. सञ्चालक समितिको संरचना र प्रतिनिधित्व सम्बन्धी व्यवस्था :

कम्पनीको नियमावलीमा भएको व्यवस्था अनुसार ११ (एघार) जना सञ्चालक सदस्य रहेको सञ्चालक समिति देहाय बमोजिम रहेको छ ।

संस्थापक शेयरधनीहरुबाट मनोनित वा निर्वाचित	५ जना
सर्वसाधारण शेयरधनीहरुबाट निर्वाचित	४ जना
स्वतन्त्र संचालक	२ जना
जम्मा	११ जना

सर्वसाधारणमा शेयर निष्काशन तथा बाँडफाँड पश्चात् सोही बमोजिम संचालकमा प्रतिनिधित्व रहने व्यवस्था गरिनेछ ।

कम्पनीको नियमावलीको नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा १०० (एक सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । तर नेपाल सरकार वा संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालक र स्वतन्त्र संचालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।

१३. सीमित दायित्व सम्बन्धी विवरण :

यस कम्पनी प्रचलित कम्पनी कानून अन्तर्गत स्थापित तथा सञ्चालित पब्लिक लिमिटेड कम्पनी हो । यसमा शेयरधनीहरुको दायित्व सीमित छ । यस कम्पनीको शेयरधनीको दायित्व निजले खरिद गरेको वा खरिद गर्न कबोल गरेको शेयरको अधिकतम रकमसम्म मात्र सीमित रहनेछ ।

१४. सञ्चालन अवधि तीन बर्ष व्यतित भई सकेको अवस्थामा विगत तीन बर्षको र तीन बर्ष व्यतित भई नसकेको अवस्थामा संचालन अवधिभरको लेखा परीक्षण भएको नाफा-नोक्सान, वासलात सहितको संक्षिप्त विवरण :

वासलात

(रु.हजारमा)

पूँजी र दायित्व	वास्तविक		
	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४
शेयर पूँजी	२,२०५,०००	३,०४५,०००	३,४३२,४४८
जगेडा कोष र संचित नाफा	-	-	-
शेयर आवेदन रकम	५,३६८	८,१८९	५,७९३
मध्यम तथा दीर्घकालिन ऋण	६७६,८८२	७४७,१५१	१,५४६,१८५
चालू दायित्व र व्यवस्था			
- व्यापारिक तथा अन्य भुक्तानी गर्नुपर्ने रकम	६३,२४४	७२,६१५	१५१,८३१
- व्यवस्थाहरु	८३,२००	९१,२०७	१४,३६५
जम्मा चालू दायित्व	१४६,४४५	१६३,८२३	१६६,१९६
जम्मा	३,०३३,६९४	३,९६४,१६३	५,१५०,६२२

सम्पत्ति	वास्तविक		
	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४
खुद स्थिर सम्पत्ति (कम्पनी तथा आयोजना)	१३१,५८८	१४२,२४५	१२५,०७१
आयोजना लगानी	१,७२७,८४९	२,०५७,३४८	३,४६५,१४७
निर्माण अवधिका खर्च	६२,४१६	९४,३०५	१२७,०९३
चालू सम्पत्ति			
- जिन्सी मौज्दात	७००	१,६२७	२,३७५
- नगद र अन्य मौज्दात	३९,७१९	१८४,०६९	१५७,८५२
- अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी	१,०७१,४२३	१,४८४,५६९	१,२७३,०८४
जम्मा चालू सम्पत्ति	१,१११,८४२	१,६७०,२६५	१,४३३,३१०
जम्मा	३,०३३,६९४	३,९६४,१६३	५,१५०,६२२

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	वास्तविक		
	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३	आ.व. २०७३/०७४
बिक्री आम्दानी	-	-	-
बिक्रीको लागत	-	-	-
मोटामोटी नाफा	-	-	-
अन्य आम्दानी	३,००९	(१५६७)	८,४३६
प्रशासकीय खर्च	(२८,१८८)	(२७,०६७)	(३३,१४६)
बिमा खर्च	-	-	-
संचालनबाट नाफा	(२५,१७९)	(२८,६३४)	(२४,७१०)
व्याज खर्च	-	-	-
ह्रास खर्च	(२,५१०)	(३,२५४)	(८,०७९)
आयकर कट्टीगर्नु अधिको नाफा	(२७,६८९)	(३१,८८९)	(३२,७८९)
आयकर	-	-	-
आयकर कट्टीगरे पछिको खुद नाफा	(२७,६८९)	(३१,८८९)	(३२,७८९)

१५. आगामी पाँच बर्षको प्रक्षेपित वासलात, नाफा नोक्सान हिसाब तथा नेटवर्थ सम्बन्धी विवरण :

वासलात

(रु.हजारमा)

पूँजी तथा दायित्व	प्रक्षेपित				
	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९
शेयर पूँजी	५,८१५,७८६	६,८४२,१००	६,८४२,१००	६,८४२,१००	६,८४२,१००
शेयर प्रिमियम	-	-	-	-	-
शेयर आवेदन रकम	-	-	-	-	-
जगेडा कोष र संचित नाफा	-	-	४६५,८०१	१,०३८,९८६	१,८३३,४६६
सुरक्षित ऋण	२,१२२,६९९	६,२३९,८५८	९,१८१,१३६	७,६४१,५४३	६,६५१,९४९
जम्मा	७,९३८,४८५	१३,०८१,९५८	१६,४८९,०३७	१५,५२२,६२९	१५,३२७,५१५

सम्पत्ति	प्रक्षेपित				
	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९
लगानी					
खुद स्थिर सम्पत्ति	१८९,१६३	१६९,३०३	१६,२४९,४७४	१५,६५१,३६१	१५,०५५,३२४
चालू पूँजीगत कार्य	६,०४१,४१६	१२,८८६,३६९	-	-	-
जम्मा स्थिर सम्पत्ति	६,२३०,५७९	१३,०५५,६७२	१६,२४९,४७४	१५,६५१,३६१	१५,०५५,३२४
चालू सम्पत्ति					
जिन्सी मौज्दात	२,६१४	२,८७६	१००,०००	११०,०००	१२१,०००
व्यापरिक तथा अन्य प्राप्य रकम	-	-	७३७,७४३	७५९,८७६	७८२,६७२
नगद र अन्य मौज्दात	६८५,००६	२४६,६२८	२२,५३५	३२२,१५०	९७,८८४
अग्रिम भुक्तानी रकम र पेश्की, सापटी, धरौटी	१,०९६,१७७	१०९,८४९	-	-	-
जम्मा चालू सम्पत्ति	१,७८३,७९७	३५९,३५२	८६०,२७९	१,१९२,०२५	१,००१,५५६
न्यून चालू दायित्व र व्यवस्था					
छोटा अवधि सापटी	-	-	-	-	-
व्यापरिक तथा अन्य भुक्तानी गर्नु पर्ने रकम	२७६,३३३	५९०,२२३	६२०,७१५	६३६,५४७	४५,१५५
व्यवस्थाहरु	-	-	-	६८४,२१०	६८४,२१०
जम्मा चालू दायित्व	२७६,३३३	५९०,२२३	६२०,७१५	१,३२०,७५७	७२९,३६५
खुद चालू सम्पत्ति	१,५०७,४६४	(२३०८७१)	२३९,५६३	(१२८,७३२)	२७२,१९१
पूँजीकरण गर्न पर सारिएका निर्माण अवधिका खर्च	२००,४४२	२५७,१५६	-	-	-
जम्मा	७,९३८,४८५	१३,०८१,९५८	१६,४८९,०३७	१५,५२२,६२९	१५,३२७,५१५

नाफा-नोक्सान हिसाब

(रु.हजारमा)

विवरण	प्रक्षेपित				
	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व. २०७८/०७९
बिक्री आम्दानी	-	-	१,५३७,६६०	३,२९३,०७६	३,३९१,८६८
बिक्रीको लागत	-	-	१२९,८३६	२६०,९४८	२७७,०१४
मोटामोटी नाफा	-	-	१,४०७,८२४	३,०३२,१२८	३,११४,८५४
अन्य आम्दानी	५,६७६	५,३२६	२,८००	३,३३३	३,३३३
प्रशासकीय खर्च	(७२,४०६)	(५६,६४७)	(६०,६२८)	(८१,५९१)	(९१,६६१)
बिमा खर्च	-	-	(४६,२९९)	(९१,००७)	(८७,६९७)
संचालनबाट नाफा	(६६,७३०)	(५१,३२१)	१,३०३,६९८	२,८६२,८६३	२,९३८,८२९
व्याज खर्च	-	-	(५२७,५८४)	(१,००४,८५५)	(८६१,६०३)
ह्रास खर्च	(६,६१९)	(५,३९३)	(३१०,३१२)	(६००,६१४)	(५९८,५३६)
आयकर कट्टीगर्नु अधिको नाफा	(७३,३४९)	(५६,७१४)	४६५,८०१	१,२५७,३९५	१,४७८,६८९
आयकर	-	-	-	-	-
आयकर कट्टीगरे पछिको खुद नाफा	(७३,३४९)	(५६,७१४)	४६५,८०१	१,२५७,३९५	१,४७८,६८९

विगत तथा आगामी तीन बर्षको नेटवर्थमा भएको औसत प्रतिफल

(रु.हजारमा)

विवरण	वास्तविक		
	आ.व. २०७०/०७१	आ.व. २०७१/०७२	आ.व. २०७२/०७३
चुक्ता पूँजी	८६७,३००	२,२०५,०००	३,०४५,०००
जगेडा तथा कोषहरु	-	-	-
कुल	८६७,३००	२,२०५,०००	३,०४५,०००
घटाउने :अपलेखन गर्न बाँकी खर्च	-	-	-
कुल नेटवर्थ	८६७,३००	२,२०५,०००	३,०४५,०००
शेयर संख्या (हजारमा)	८६,७३०	२२०,५००	३०४,५००
प्रति शेयर नेटवर्थ (रु.)	१००	१००	१००
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	-	-	-

विवरण	प्रक्षेपित					
	आ.व. २०७३/०७४	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व.२०७८/०७९
चुक्ता पूँजी	३,४३२,४४८	५,८१५,७८६	६,८४२,१००	६,८४२,१००	६,८४२,१००	६,८४२,१००
जगेडा तथा कोषहरु	-	-	-	४६५,८०१	१,०३८,९८६	१,८३३,४६६
कुल	३,४८९,४७१	५,८१५,७८५	६,८४२,१००	७,३०७,९०१	७,८८१,०८६	८,६७५,५६६
घटाउने : अपलेखन गर्न बाँकी खर्च	-	-	-	-	-	
कुल नेटवर्थ	३,४८९,४७१	५,८१५,७८५	६,८४२,१००	७,३०७,९०१	७,८८१,०८६	८,६७५,५६६
शेयर संख्या (हजारमा)	३४३,२४५	५८१,५७९	६८४,२१०	६८४,२१०	६८४,२१०	६८४,२१०
प्रति शेयर नेटवर्थ (रु.)	१००	१००	१००	१०७	११५	१२७
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	-	-	-	६.३७%	१५.९५%	१७.०४%

द्रष्टव्यः कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरी ठिक छ भनि श्री ए.आर. जोशी एण्ड कम्पनी का चार्टर्ड एकाण्टेण्ट श्री अच्युत राज जोशीले गर्नु भएको हो ।

वित्तीय प्रक्षेपणका आधार तथा तरिका :

विवरण	आ.व. २०७४/०७५	आ.व. २०७५/०७६	आ.व. २०७६/०७७	आ.व. २०७७/०७८	आ.व.२०७८/०७९
१. कुल आयमा औषत बृद्धिदर	-	-	-	११४%	३%
२. कुल खर्चमा औषत बृद्धिदर (व्याज र ह्रास बाहेक)	११८%	-२२%	२३६%	८०%	८%
३. संचालन खर्च तथा कुल आम्दानी अनुपात	-	-	१५%	१३%	१३%
४. खुद मुनाफामा औषत बृद्धिदर	-	-	९२१%	१७०%	१८%
५. आयकर व्यवस्था (प्रतिशतमा)	-	-	-	-	-
प्रति शेयर आम्दानी	-	-	६.८१	१८.३८	२१.६१
अन्य संचालन खर्चका वृद्धिदर (ब्याज र ह्रास)	-१९%	-१९%	१५४३६%	९२%	-९%
Return on Equity	-	-	६.५८%	१६.५६%	१७.८६%
Return on Assets	-	-	६.७८%	१४.१८%	१५.२४%

वित्तीय प्रक्षेपणका आधारहरुको औचित्य पुष्टि हुने विवरण देहाय बमोजिम रहेको छ ::

१. धितोपत्र सार्वजनिक निश्कासन गर्ने आधारमा आ.व.२०७४/७५ मा शेयर पूँजी रु.२,३८,३३,३८,०००/- र २०७५/७६ मा रु.१,०२,६३,१४,०००/- ले वृद्धी हुने प्रक्षेपण गरिएको छ ।
२. कम्पनीद्वारा निमाणाधीन रसुवागढी जलविद्युत आयोजना पुर्ण रुपमा १५ पुष २०७६ मा व्यापारिक उत्पादन गर्ने योजना रहेको छ ।
३. रसुवागढी जलविद्युत आयोजनाको लागत अनुमान निर्माण अवधिको ब्याज बाहेक रु.१५,१६,४३,९९,०००/- तथा निर्माण अवधिको ब्याज समेत रु.१६,७१,८२,३१,०००/- रहेको छ ।
४. रसुवागढी जलविद्युत आयोजना निर्माणको लागि कर्मचारी संचय कोषसँग प्रारम्भिक लागत अनुमान निर्माण अवधिको व्याज बाहेक रु.१३,६८,४२,००,०००/- को आधारमा कर्जा र स्वपूँजीको ५०:५० को अनुपात हुने गरि ऋण सम्झौता भए बमोजिम बित्तिय प्रक्षेपण तयार गरिएको छ ।
५. नेपाल विद्युत प्राधिकरणसंगको Power Purchase Agreement (PPA) मा भएको व्यवस्था बमोजिम प्रत्येक बर्ष जेष्ठ र आषाढ महिनामा नेपाल विद्युत प्राधिकरणबाट विद्युत उर्जा बिक्री बापत प्राप्त हुनु पर्ने रकमलाई आसामी भनेर देखाउने गरी प्रक्षेपण गरिएको छ ।
६. नेपाल विद्युत प्राधिकरणसँग भएको Power Purchase Agreement (PPA) का आधारमा प्रति युनिट विद्युत दर सुख्खा याममा रु. ८.४० र बर्षा याममा रु. ४.८० का आधारमा र सो दर प्रति बर्ष ३% का दरले ८ बर्षसम्म वृद्धि हुने गरि प्रक्षेपण गरिएको छ ।
७. व्यापारिक उत्पादन भएको १५ बर्षसम्म रोयल्टीको दर प्रति KW रु.२००/- र विद्युत विक्रिबाट हुने आम्दानीको २% हुने गरि वित्तिय विवरणमा प्रक्षेपण गरिएको छ ।
८. अग्रिम भुक्तानी तथा सापटीहरु मुख्यतः निर्माण कार्यमा संलग्न ठेकेदारहरुलाई प्रदान गरिएकोले सो रकमहरु आ.व.२०७३/७४ पश्चात क्रमशः कम हुँदै जानेछन् ।
९. स्थीर सम्पत्ति (Civil Works, Hydro and Electro Mechanical Equipment and Transmission Line बाहेक) को ह्रासकट्टी Written Down Value Method (WDV) अनुसार व्यवस्थापनले तोकेको प्रभावकारी जीवनलाई आधार मानी तल दिइएको तालिका अनुसार गणना गरिने छ भने Civil Works, Hydro and Electro Mechanical Equipment and Transmission Line लाई भने Straight Line Method (SLM) अनुसार व्यवस्थापनले तोकेको प्रभावकारी जीवनको आधारमा गणना गरी प्रक्षेपण गरिएको छ ।

सम्पत्ति	ह्रासकट्टिको तरिका	दर	सम्पत्ती	ह्रासकट्टिको तरिका	दर
सिभिल निर्माण	SLM	३.५७ प्रतिशत	फर्निचर तथा फिक्चर्स	WDV	२५ प्रतिशत
भवन	SLM	३.५७ प्रतिशत	कार्यालय उपकरण	WDV	२५ प्रतिशत
हाइड्रो तथा इलेक्ट्रोमेकानिकल	SLM	३.५७ प्रतिशत	सवारी साधन	WDV	२० प्रतिशत
ट्रान्समिसन लाइन	SLM	३.५७ प्रतिशत	प्लान्ट एण्ड मेशिनरी	WDV	१५ प्रतिशत

व्यवस्थापनले हरेक आर्थिक बर्षको अन्त्यमा स्थीर सम्पत्तिको अनुमानित जीवन पुनरावलोकन गर्ने र आवश्यकता अनुसार समायोजन गर्ने प्रक्षेपण गरिएको छ ।

१०. विद्युत उत्पादन खर्चहरु हरेक बर्ष ५ प्रतिशतका दरले, प्रशासनिक खर्चहरु हरेक वर्ष १० प्रतिशतका दरले र कर्मचारी खर्च हरेक बर्ष १० प्रतिशतका दरले बृद्धि हुने प्रक्षेपण गरिएको छ ।
११. विद्युत ऐन, २०५० अनुसार विद्युत उत्पादन गर्ने कम्पनीले नाफाको २ प्रतिशत कर्मचारी बोनस बापत व्यवस्था गर्नु पर्ने भएकाले सोही अनुसार बोनस खर्चको प्रक्षेपण गरिएको छ ।

१६.अर्न्तनिहित जोखिम तथा सो को व्यवस्थापनको लागि व्यवस्थापनको धारणा :

(क) वित्तीय साधनको अभावबाट हुने जोखीम :
- सञ्चालनमा आईनसकेको हुँदा जलविद्युत केन्द्रमा वित्तिय जोखिम रहेको ।
- नयाँ आयोजनाको अनुसन्धान तथा विकासमा संकुचन आउन सक्ने ।
- संस्थामा आवद्ध शेयरधनीहरुले कबुल गरेको सम्पूर्ण रकम प्राप्त भै सकेको र ऋणदाता संस्था श्री कर्मचारी संचय कोषबाट करार बमोजिम रकम उपलब्ध गराईरहेकोले वित्तिय साधनको अभावबाट कुनै पनि जोखिम नहुने ।

(ख) कच्चा पदार्थको अभावबाट हुने जोखीम :
- जलस्रोतको मुहानको वातावरणमा अप्रत्यासित रुपमा परिबर्तन भै पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने सम्भावना भएको भए तापनि लामो अवधीको हाईड्रोलोजीको डाटाको अध्ययन तथा विश्लेषणका आधारमा पानीको वहाव तय भएको हुँदा उल्लेखित जोखिमको सम्भावना न्युन रहेको ।
- आयोजनालाई चाहिने अन्य कच्चा पदार्थहरु सिमेन्ट, फलाम, मेशिन, छड जस्ता कच्चा पदार्थहरुको व्यवस्थापन भइसकेको हुनाले कच्चा पदार्थको अभावबाट कुनै पनि जोखिम नहुने ।

(ग) उत्पादन तथा सेवाको बजार स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखीम :
- यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने ।
- नेपाल विद्युत प्रधिकरण पुर्णतः नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुँदा विद्युत बिक्रीबाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।
- हालको अवस्थामा विद्युतको बजारको जोखिम नरहेको ।

(घ) आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (Cost Overrun) को जोखीम :
- नेपालमा गएको महाभुकम्प र तत्पश्चात्‌को नाकाबन्दीका कारण आयोजनाको निर्माण सम्पन्न हुने मिति केहि लम्बिएता पनि यसबाट मूल्य अभिबृद्धिमा सामान्य प्रभाव मात्र देखिएको ।

(ङ) विदेशी विनिमयको जोखिम :
- आयोजनाको अनुमानित लागत तयार पारेको समयभन्दा हाल विदेशि मुद्राको तुलनामा नेपाली मुद्राको अवमूल्यन भएको कारणबाट आयोजनाको निर्माण लागत केहि बढ्ने देखिएको ।

(च) कानुनी प्रक्र्याहरु तथा ईजाजत प्राप्त गर्नु पर्ने भए सो बाट पर्न सक्ने अवरोधहरु :
- हाल कम्पनीले पूरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरिसकेको र प्राप्त गर्नुपर्ने सम्पूर्ण इजाजतपत्रहरु प्राप्त गरी सकेकोले सो जोखिम नरहेको ।

(छ) क्षेत्रीयकरण र विश्वब्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखीम :
- अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।

(ज) सरकारी नीति तथा नियमहरुमा हुने परिवर्तन तथा विश्वब्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखीम :
- कर, भन्सार, विद्युतिय उपकरणहरु आयातमा कुनै पनि सरकारी नीतिगत परिवर्तन भएमा यस्ता जोखिम रहने ।

(झ) संचालन इतिहासको अभाव :
- संस्थापक संगठित संस्थाहरु विगत लामो समय देखिनै यस प्रकारको आयोजना निर्माण तथा विद्युत उत्पादन गर्दै आईरहेकोले संचालन इतिहासको अभाव नहुने ।

(ञ) प्रविधिको परिवर्तनबाट हुने सक्ने जोखीम :
- पानीबाट उत्पादन हुने जलविद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने उर्जा वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने विद्युत आयोजना भन्दा पानीबाट उत्पादन हुने विद्युत आयोजनाहरुको जोखिम कम रहेको छ । तथापी भविष्यमा उच्च प्रविधिको विकास भई अन्य श्रोतबाट सस्तो दरमा विद्युत उत्पादन भएमा भने केही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

(ट) पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :
- हाल आयोजना निर्माणाधीन अवस्थामा रहेको र कुनै कारणवश पुर्वाधार निर्माणमा ढिलाई हुन गएमा आयोजनाको लागतमा केहि बृद्धि हुन सक्ने जोखिम रहेको ।

(ठ) अन्य :
- दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भइ आयोजना निर्माण कार्यमा ढिलाई भएमा आयोजनाको लागत बढ्नुका साथै उत्पादन घाटा हुनसक्ने ।
- जलविद्युत आयोजना निर्माण गर्दा हुने जोखिमहरु मध्ये भुकम्प, बाढी पहिरो जस्ता कारणले हुने क्षति र यसवाट विद्युत उत्पादनमा पर्ने प्रभावलाई न्यूनिकरणका लागि आयोजनाको सम्पूर्ण सम्पत्तिलाई खाम्ने गरी विमाको व्यवस्था गरिएको ।
- जलवायु परिवर्तनबाट खोलामा पानीको वहावमा थप घट हुन गई तद्अनुरुप विद्युत उत्पादनमा घटबढ हुन सक्ने ।
- देशको राजनैतिक अस्थिरताबाट आयोजनाको निर्माण कार्यमा वाधा पर्न सक्ने ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

नेपालमा उर्जा शक्तिको माग धेरै भए तापनि आपूर्ति न्यून रहेको र नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहेको ब्यवस्थापनको धारणा रहेको छ । साथै उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत आदीबाट प्राप्त गर्न सकिन्छ । यसमध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारणा ब्यवस्थापनको रहेको छ । सम्भावित जोखिमहरुलाई न्यूनिकरणका लागि कम्पनीले गरेका विमाहरु सम्वन्धी विवरण तपशिल बमोजिम रहेको छ ।

क) आयोजनाको लट नं. १ः सिभिल तथा हाईड्रोमेकानिकल निर्माण कार्यको लागि श्री प्रिमियर इन्सुरेन्स कम्पनीबाट ने.रु. २,९६,०१,२८,०३०.४५ र अमेरीकी डलर ६,७३,६१,८०४.४१ वरावरको विमा गरिएको ।

ख) आयोजनाको लट नं. २ः ईलेक्ट्रोमेकानिकल निर्माण कार्यको लागि श्री प्रिमियर इन्सुरेन्स कम्पनीबाट ने.रु. २७,५१,२८,३०६.०८ र अमेरीकी डलर १,९५,७९,२९८.०० बराबरको विमा गरिएको ।

धितोपत्र मूल्य परिवर्तन सम्बन्धि जोखिम : रु.१००/- प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुन सक्ने परिवर्तनको जोखिम रहेको छ ।

१७. सकारात्मक पक्षहरु :

१) आयोजनाबाट प्राप्त हुने आयमा पहिलो १० वर्ष आयकर छुट प्राप्त भएको हुँदा लाभांशको दर बढी रहेको । रसुवागढी जलविद्युत आयोजनाको सम्पूर्ण संरचना, मेसिन, औजार तथा उपकरणहरुको जोखिमलाई न्यूनीकरण गर्न बिमा गरिएको ।
२) कम्पनीसँग दक्ष युवा जनशक्ति रहेकोले यो कम्पनी नेपालमा जलविद्युत आयोजनाको विकास र निर्माणको काममा सफल रहेको ।
३) जलविद्युतको क्षेत्रमा अध्ययन अनुसन्धान तथा विकास कार्यमा योजनाबद्ध ढंगले समर्पित भएर काम गरिरहेको यस कम्पनीको भविष्य उज्ज्वल रहेको ।

१८. धितोपत्रको बाँडफाँड, फिर्ता भुक्तानी तथा सूचीकरण सम्बन्धी विवरण :

(क) अत्याधिक माग वा न्यून माग भएको अवस्थामा बाँडफाँडको प्रकृया : यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा बढी संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा नेपाल धितोपत्र बोर्डको प्रचलित “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार साधारण शेयरहरु बाँडफाँड गरिनेछ र शेयर बाँडफाँड सम्बन्धी सूचना राष्ट्रिय स्तरको दैनिक पत्रिकामा प्रकाशित गरिनेछ ।

१. शेयर बाँडफाँड गर्दा सर्वप्रथम सबै आवेदकलाई दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
२. बुँदा (१) बमोजिम बाँडफाँड गरे पश्चात बाँकी रहेको निष्काशित शेयर आवेदकहरुलाई पुनः दश कित्ताको दरले बाँडफाँड गरिने छ ।
३. बुँदा (२) बमोजिम शेयर बाँडफाँडको प्रकृया सम्पन्न भएपश्चात् धितोपत्र बाँकी भएमा सोहि प्रकृया अपनाई बाँडफाँड गरिने छ ।
४. उपरोक्तानुसार शेयर बाँडफाँड गर्दा १० कित्ताका दरले सबै आवेदकहरुलाई बाँडफाँड गर्न अपुग हुने अवस्थामा न्यूनतम दश कित्ता पाउने गरि गोला प्रथाबाट आवेदक छनौट गरि गरिने छ ।
५. शेयर बाँडफाँड सफ्टवेयर तथा बाँडफाँड तालिकाका सम्बन्धमा बोर्डको सहमति लिईनेछ ।
६. शेयर बाँडफाँडको जानकारी बाँडफाँड गरेको भोलीपल्टसम्ममा बोर्ड, धितोपत्र बजार तथा सर्वसाधारण लाई जानकारी गराइने छ ।

यस विवरणपत्र मार्फत जारी गरिएको साधारण शेयर संख्या भन्दा न्युन संख्यामा साधारण शेयर खरिदको लागि दरखास्त प्राप्त हुन आएमा बिक्री नभएको शेयर सर्वसाधारणको लागि निष्काशन गरिने शेयरमा थप गरी निष्काशन गरिनेछ ।

(ख) अत्याधिक माग भएको वा बाँडफाँड नभएको अवस्थामा फिर्ता भुक्तानी सम्बन्धी व्यवस्थाः शेयर वापतको आवेदन लिने कार्य धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) मा भएको व्यवस्था बमोजिम सहभागि बैंकबाट हुनेछ । उक्त निर्देशिकाको व्यवस्था बमोजिम आवेदकको खातामा नै आवेदन रकम रोक्का राखिने भएकोले शेयरको अत्याधिक माग भई प्रत्येक आवेदकले माग गरे बमोजिमको शेयर बाँडफाँड गर्न नसकिने अवस्थामा निजलाई बाँडफाँड भएको शेयर वापतको रकम मात्र माग गरी बाँकी रकम सोही खातामा कानुन बमोजिम सहभागि बैंकबाट नै रोक्का फुकुवा हुने व्यवस्था मिलाईनेछ ।

(ग) निवेदन साथ प्राप्त रकमको फिर्ता भुक्तानीमा ढिलाई भएमा दिइने व्याजदर : “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” ले निर्धारित गरेको समय भित्र शेयरको बाँडफाँडपत्र तथा रकम फिर्ता भुक्तानी दिन नसकिएमा शेयरको बिक्री बन्द भएको मिति देखि रकम फिर्ता भुक्तानी दिन शुरु गरेको अघिल्लो दिनसम्मको सरकारी ऋणपत्रको प्रचलित अन्तिम व्याजदरको आधारमा हुन आउने व्याज सहित हिसाव गरी रकम फिर्ता भुक्तानी गरिने व्यवस्था रहेकोमा यस निष्काशनमा धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) ले गरेको व्यवस्था बमोजिम आवेदन माग गर्नुपर्ने भएको, जसअनुसार आवेदककै बैंक खातामा रकम रोक्का हुने व्यवस्था रहेको ।

(घ) धितोपत्रको बाँडफाँड तथा प्रमाणपत्र जारी सम्बन्धी प्रकृया र समयावधी : निष्कासन गरिने साधारण शेयर “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा व्यवस्था अनुसार साधारण शेयरको बाँडफाँड गरी सूचिकरण भए पश्चात “धितोपत्र केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७” को नियम २४ को उपनियम ७ बमोजिम सम्बन्धित शेयरधनीको हितग्राही खातामा अभौतिक रुपमा शेयर जम्मा गरिनेछ ।

(ङ) धितोपत्र सूचिकरण भैसकेको भए त्यस्तो धितोपत्र सूचिकरण गरिएको धितोपत्र बजारको नाम धितोपत्र कारोवार शुरु हुनको लागि संगठित संस्थाले पूरा गर्नुपर्ने शर्तहरु सम्बन्धि विवरण : सो नभएको ।

(च) धितोपत्र सूचिकरण भैनसकेको भए, संगठित संस्थाले निष्काशन तथा विक्री गरिने धितोपत्रहरु प्रचलित ऐन, नियम अनुसार सहज खरीदरबिक्री वा विनिमय हुन सक्ने गराउनको लागि गरिने व्यवस्था सम्बन्धी विवरण : “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” बमोजिम हाल प्रस्तावित धितोपत्र बाँडफाँड गरेपश्चात् स्थानीय बासिन्दा र सर्वसाधारण (कम्पनीका कर्मचारी समेत) का लागि साधारण शेयर निष्काशन गरी बाँडफाँड गरिनेछ । यस विवरणपत्र मार्फत कर्मचारी संचयकोषमा रकम संचित गर्ने संचयकर्ता कर्मचारी, संस्थापक संगठित संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीका निमित्त निष्काशन गर्न लागिएको धितोपत्र र तत् पश्चात आयोजना प्रभावित क्षेत्रका स्थानीय वासिन्दा तथा सर्वसाधारणलाई निष्काशन गरीने धितोपत्र एकै पटक नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्था अनुसार सूचिकरण गराई शेयर खरिद बिक्रीको व्यवस्था मिलाईनेछ ।

१९. आवेदन दिंदा पालना गर्नुपर्ने शर्त बन्देजहरु जस्तै एक भन्दा बढी दरखास्त दिन नपाइने, लगानीकर्ताको पहिचानको लागि नागरिकता/जन्मदर्ताको प्रमाणित प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्ने वा धितोपत्र दलाल व्यवसायीले दिएको ग्राहकको परिचय नम्बर र सम्बन्धित व्यवसायीको नाम खुलाउनुपर्ने र बैंक खाता मार्फत कारोबार गरिनुपर्ने जस्ता पक्षहरु

कर्मचारी सञ्चयकोषमा रकम संचित गर्ने संचयकर्ता, संस्थापक संगठित संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीका लागि यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर निम्न बमोजिम प्रकृया पुरा भएको अवस्थामा शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् ।

१. आवेदकले दरखास्त फारममा तोकिए बमोजिम सम्पूर्ण विवरण भरी आफैले दस्तखत गरी कर्मचारी सञ्चयकोषमा रकम संचित गर्ने संचयकर्ता वा संस्थापक संगठित संस्थाका कर्मचारी वा ऋणदाता संस्थाका कर्मचारी भनी प्रमाणित गर्ने सम्बन्धित निकायबाट जारी कागजात सहित दरखास्त फारम बुझाउनु पर्नेछ ।

२. मिति २०६८/०८/२२ मा बहाल रहेको र सो मितिदेखि यो विवरणपत्र स्वीकृत भएको मिति सम्ममा थप भएका कर्मचारी संचय कोषका संचयकर्ता, संस्थापक संस्थाका कर्मचारी तथा ऋणदाता संस्थाका कर्मचारीहरुले मात्र शेयर खरिदका लागि आवेदन दिन पाउनेछन् । यस निष्काशनमा आवेदन दिनेले यसै कम्पनीको दोश्रो र तेश्रो चरणमा हुने सार्वजनिक निष्काशनमा आवेदन गर्न पाउने छैनन् ।

३. धितोपत्र खरिद गर्नका लागि दरखास्त दिन चाहनेले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ बमोजिम सार्वजनिक निष्काशनमा Centralized Application for ASBA Based Issuance (C-ASBA) प्रणाली मार्फत आवेदन संकलन गर्न आवद्ध आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्था तथा तीनका शाखा कार्यालयहरुबाट आवेदन दिन सक्नेछन् । यसरी आवेदन लिन सक्ने बैक तथा वित्तीय संस्थाको विवरण CDS and Clearing Limited ले आफ्नो वेव साईट www.cdscnp.com मा Registered Banks in C-ASBA अर्न्तगत उल्लेख गरेको छ ।

आवेदन दिंदा कर्मचारी सञ्चयकोषका संचयकर्ताको हकमा सञ्चयकर्ता परिचयपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ तथा संस्थापक संगठित संस्थाका कर्मचारी र ऋणदाता संस्थाका कर्मचारीले आवेदन गर्दा आफ्नो कर्मचारी परिचयपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ । तोकिएको अवधीमा कायम रही यस निष्काशनमा आवेदन गर्न पाउने तर अवकाश प्राप्त भई परिचयपत्र नभएका आवेदकको हकमा आवेदनका साथ सम्बन्धित संस्थाको सिफारिस पत्र समावेश गर्नुपर्नेछ । C-ASBA सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुले आवेदन फारम बुझिलिंदा उल्लेखित कागजात संलग्न गरे नगरेको यकिन गरी सक्कल कागजातसँग रुजु गरेर मात्र बुझि लिनुपर्नेछ र यसरी बुझीलिएको फारम यस निष्काशनका लागि नेपाल धितोपत्र बोर्डको समन्वयमा CDS and Clearing Limited बाट यस निष्काशनका लागि C-ASBA अर्न्तगत विकास गरिएको विशेष आवेदन संकलन प्रणालीमा प्रवृष्टि गर्नुपर्नेछ ।

यस विवरणपत्रमार्फत निष्काशन गरिने शेयर तोकिएका व्यक्तिहरुका लागि मात्र निष्काशन गरिएको हुँदा अन्य आवेदकहरुले आवेदन गरेको अवस्थामा उक्त आवेदन रद्द हुनेछ ।

४. आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाले C-ASBA अर्न्तगत लिने आवेदनको ढाँचा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को अनुसुची ५ बमोजिम हुनुपर्नेछ ।
५. आवेदन फारम बुझाउँदा दरखास्त फारममा न्यूनतम रुपमा खुल्नुपर्ने भनी तोकिएका विवरणहरु सबै स्पष्ट रुपमा भरेको दरखास्त फारम बुझाउनु पर्नेछ ।
६. एक व्यक्तिले आफुले लिन चाहेको सम्पूर्ण शेयरको लागि एकवटा मात्र आवेदन गरेको हुनु पर्नेछ । यदि एकै व्यक्तिले एक भन्दा बढी आवेदन दिएको भेटिएमा निजले दिएको सबै आवेदनहरुलाई रद्द गरिनेछ ।
७. कर्मचारी सञ्चयकोषमा रकम संचित गर्ने संचयकर्ता, संस्थापक संगठित संस्थाका कर्मचारी तथा ऋणदाता संस्थाका कर्मचारीले शेयर खरिद गरेमा सर्वसाधारण तथा आयोजना प्रभावित क्षेत्रका वासिन्दाका लागि सार्वजनिक निष्काशन गरिने साधारण शेयरको लागि पुनः आवेदन दिन पाउने छैनन् ।
८. आवेदकले स्वेच्छिक रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउन सक्नेछन् ।

२०. नियमावली, प्रबन्धपत्र प्राप्त गर्ने वा हेर्न सक्ने ठाउँ, भुक्तानी गर्ने तरिका, लिनुपर्ने न्यूनतम धितोपत्र संख्या र सो भन्दा माथि लिने भएमा कुन गुणाङ्कमा लिन सक्ने हो सो सम्बन्धी विवरण :

१. यस कम्पनीको प्रबन्धपत्र तथा नियमावली कार्यालय समय भित्र कम्पनीको रजिष्टर्ड कार्यालय महाराजगञ्ज, काठमाण्डौ वा धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ वा सह-निष्काशन तथा बिक्री प्रबन्धक एनआईबिएल क्यापिटल मार्केट्स लि., लाजिम्पाट, काठमाण्डौ वा ग्लोबल आईएमई क्यापिटल लि., जमल, काठमाण्डौ वा सनराईज क्यापिटल लि., कमलपोखरी, काठमाण्डौमा सम्पर्क राखि हेर्न वा प्राप्त गर्न सकिनेछ ।

२. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयर तोकिएका व्यक्तिले मात्र खरिदका लागि दरखास्त दिन सक्ने हुँदा त्यस्ता दरखास्तवालाले दरखास्तसाथ आफुले खरिद गर्न चाहेको साधारण शेयर संख्याको प्रति साधारण शेयर रु.१००/- का दरले हुन आउने एकमुष्ट रकम धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३ ले गरेको व्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त सहभागी बैंक तथा वित्तिय संस्थामा रहेको आफ्नो खातामा रोक्का राखी आस्वा प्रणाली मार्फत आवेदन गर्न सकिनेछ ।

३. यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि दरखास्त दिंदा देहाय बमोजिमको न्युनतम तथा अधिकतम कित्ताका लागि दरखास्त दिनुपर्नेछ ।
   (क) कर्मचारी संचय कोषका संचयकर्ताले न्युनतम ५० कित्ता र सो भन्दा बढी १० अंकले भाग जाने संख्यामा अधिकतम ५०० कित्ता ।
   (ख) यस कम्पनीको संस्थापक शेयरमा लगानी गर्ने नेपाल विद्युत प्राधिकरण, चिलिमे जलविद्युत कम्पनी लिमिटेड र रसुवा जिल्लाका सम्बन्धित स्थानिय तहका कर्मचारीहरुले न्युनतम ५० कित्ता र सो भन्दा बढी १० अंकले भाग जाने संख्यामा अधिकतम ५०० कित्ता ।
   (ग) कर्मचारी संचय कोषका कर्मचारीले न्युनतम ५० कित्ता र सो भन्दा बढी १० अंकले भाग जाने संख्यामा अधिकतम २५०० कित्ता ।

२१. विवरणपत्र, दरखास्त फारम पाइने र दरखास्त साथ रकम बुझाउने स्थानहरु :

क्र.सं.	विवरणपत्र पाइने स्थानहरुः
१.	सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर, नक्साल, काठमाण्डौ ।
२.	एनआईबिएल क्यापिटल मार्केट्स लिमिटेड, लाजिम्पाट, काठमाण्डौ ।
३.	ग्लोबल आइएमइ क्यापिटल लिमिटेड, जमल, काठमाण्डौ ।
४.	सनराईज क्यापिटल लिमिटेड, कमलपोखरी, काठमाण्डौ ।
५.	रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेडको रजिस्टर्ड कार्यालय महाराजगंज, काठमाडौं ।
	दरखास्त फाराम प्राप्त गर्ने र दरखास्त बुझाउने स्थानहरु :
१.	नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट आस्वा (ASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ ।

साथै निष्काशन तथा बिक्री प्रबन्धकहरुको वेभसाइट www.siddharthacapital.com, www.niblcapital.com, www.globalimecapital.com, www.sunrisecapital.com, निष्काशनकर्ता कम्पनीको वेभसाइट www.chilime.com.np/rasuwagadhi, वा नेपाल धितोपत्र बोर्डको वेभसाइट www.sebon.gov.np बाट समेत यस निष्काशनको लागि स्वीकृत विवरणपत्र हेर्न सक्नु हुनेछ ।

२२. धितोपत्र बिक्री खुल्ला अवधि :

यस विवरणपत्र मार्फत निष्काशन गरिने साधारण शेयरको लागि आवेदन दिने अवधि दुई चरणमा विभाजन गरिनेछ । पहिलो चरणमा सञ्चयकर्ता आवेदकहरुको लागि १५ कार्य दिनको लागि आवेदन खुल्ला गरिनेछ । दोस्रो चरणमा सञ्चयकर्ता आवेदकहरुबाट आवेदन लिने कार्य बन्द भएको ३ (तीन) कार्य दिन पश्चात् संस्थापक संगठित संस्थाका कर्मचारी तथा ऋणदाता संस्थाका कर्मचारीहरुको लागि ७ कार्य दिनको लागि आवेदन खुल्ला गरिनेछ । पछिल्लो पटक निष्काशन बन्द भएको मितिले धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४ मा भएको व्यवस्था अनुसार धितोपत्र बाँडफाँड गरिनेछ ।

सहभागि बैकहरुले प्रत्येक चरणमा संकलन भएको आवेदन सम्बन्धी विवरणको छुट्टाछुट्टै रेकर्ड राखि धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्बन्धि निर्देशिका, २०७३ (आस्वा) तथा धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा सम्बन्धी कार्य सञ्चालन निर्देशिका, २०७४ को व्यवस्था बमोजिम तोकिएको समयावधीमा निष्काशन तथा बिक्री प्रबन्धकको कार्यालयमा पेश गर्नु पर्नेछ ।

२३. क्रेडिट रेटिङ्ग सम्बन्धमा :

यस विवरणपत्र अनुसार साधारण शेयरको लागि “क्रेडिट रेटिङ्ग नियमावली, २०६८” को नियम ३ मा भएको ब्यवस्था बमोजिम नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त क्रेडिट रेटिङ्ग संस्था ईक्रा नेपाल लि., डिल्लीबजार, काठमाण्डौबाट क्रेडिट रेटिङ्ग गराई “ईक्रा एनपि आईपिओ ग्रेड ४+” प्रमाणपत्र प्राप्त गरेको छ । “ईक्रा एनपि आईपिओ ग्रेड ४+” ले औसत भन्दा तल (Below Average Fundamental) आधारहरु जनाउँदछ । इक्रा नेपालले १ देखि ५ प्वाइन्ट ग्रेडिङ्ग प्रदान गर्दछ । जसमा ग्रेड १ ले बलिया आधार जनाउँछ भने ग्रेड ५ ले कमजोर आधारहरु जनाउँछ । ग्रेड २, ३ र ४ मा प्रयोग गरिने + (Plus) चिन्हले यस समूहका तुलनात्मक सकारात्मक स्थितिलाई जनाउँछ । क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण यस विवरणपत्रको अनुसूचीमा संलग्न गरिएको छ ।

२४. गुनासो सुन्ने र समाधान गर्ने प्रकृया :

निष्काशित धितोपत्र सम्बन्धि लगानीकर्ताहरुको गुनासो तथा सुझाव सुन्न तथा सो को समाधानका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक, संगठित संस्था तथा सम्बन्धित संस्थापक शेयरधनीबाट निम्नानुसार रहेको छ ।

१) रसुवागढी हाइड्रोपावर कम्पनी लिमिटेड, महाराजगंज, काठमाण्डौका श्री नरनाथ न्यौपाने, फोन नं. ०१-४३७१७४४
२) सिद्धार्थ क्यापिटल लिमिटेड, नारायणचौर नक्सालका श्री सुजनबाबु अधिकारी, फोन नं. ०१-४४२०९२४
३) चिलिमे जलुविद्युत कम्पनी लिमिटेड, धुम्बाराही, काठमाण्डौका श्री श्रीराज बज्राचार्य, फोन नं. ९८४१४८०३२१
४) नेपाल विद्युत प्राधिकरण, दरवारमार्ग, काठमाण्डौका श्री रघुनाथ गिरी, फोन नं. ०१४१५३००५, श्री इष्टमित्र मास्के, फोन नं. ९८५१०६६८१७
५) जिल्ला समन्वय समितिको कार्यालय धुन्चे रसुवाका श्री लिलानाथ नेपाल, फोन नं. ९८६००५६३८४
६) कर्मचारी सञ्चयकोष, पुल्चोक, ललितपुरका श्री दिनेश कुमार के.सी. फोन नं. ९८४१२६३३३१

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Siddhartha Capital Limited
Investing happiness
पो.ब.नं. २१२००, नारायणचौर, नक्साल, काठमाडौं
फोनः ४४२०९२४/४४२०९२५ फ्याक्सः ४४२०९२९
वेबसाईटः www.siddharthacapital.com
इमेलः scl@siddharthacapital.com

सह-निष्काशन तथा बिक्री प्रवन्धकहरू :

NIBL CAPITAL
एनआईबिएल क्यापिटल मार्केट्स लि.
A Subsidiary of नेपाल इन्भेष्टमेण्ट बैंक लि. NEPAL INVESTMENT BANK LTD.
पो.ब.नं. २३२२४, लाजिम्पाट, काठमाडौं, नेपाल
फोनः ४००५०८०, फ्याक्सः ४००५०८४
Email: info@niblcapital.com
Website: www.niblcapital.com

Global IME Capital Limited
ग्लोबल आइएमई क्यापिटल लि.
GROW WITH US
पोष्ट बक्स नं. २१५९९
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np
Website: www.globalimecapital.com

सन्‌राइज क्यापिटल लिमिटेड
SUNRISE CAPITAL LTD.
(सनराइज बैंक लिमिटेडको सहायक कम्पनी)
पो.ब.नं. १२०५५, कमलपोखरी, काठमाडौं
फोन नं. ४४२८५५०, फयाक्स नं. ४४२८६८८
(साविक एन.सि.एम. मर्चेन्ट बैंकिङ्ग लिमिटेड)
Email:info@sunrisecapital.com.np
Website:www.sunrisecapital.com